**गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल** **नेपाल नगरपालिका संघ**

२०८३।०५।१६

**भोटेकोशी बाढी प्रभावित स्थानीय सरकारमा उद्दार, राहत व्यवस्थापन र पुनर्स्थापनाका सम्बन्धमा**

# संयुक्त अपिल

मिति २०८३ भदौ १० गते रसुवा जिल्लाको भोटेकोशी क्षेत्रमा आएको अकल्पनीय बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल गहिरो दुःख व्यक्त गर्दछ। यस विपदमा ज्यान गुमाउनुहुने गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी र सबै नागरिकप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं। घाइतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दै बेपत्ता नागरिक, जनप्रतिनिधि तथा कर्मचारीहरूको शीघ्र खोज तथा सकुशल उद्धारको कामना गर्दछौं।

विनाशकारी बाढीबाट भएको जनधनको क्षति, सार्वजनिक तथा निजी पूर्वाधारको विनाश र अत्यावश्यक सेवा प्रवाहमा अवरोध उत्पन्न भएको छ। प्रभावित नागरिकको जीवनरक्षा, तत्काल राहत, पुनर्स्थापना र सार्वजनिक सेवा निरन्तरताका लागि संघ, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय र शीघ्र स्रोत परिचालन अहिलेको प्रमुख आवश्यकता हो।

एकातिर स्रोत साधनको अत्याधिक केन्द्रिकरण गर्ने, तहगत सरकारबीच प्रभावकारी समन्वय नगर्ने तर अर्कोतिर स्थानीय सरकारले सहयोग गरेन भन्ने भाष्य स्थापित गराउन नेपाल सरकारका जिम्मेवार मन्त्री र संघीय सांसदहरु नै लाग्नु अत्यन्त दुखद रहेको छ।

नेपालको संबिधान र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले तीनै तहका सरकारलाई विपद् व्यवस्थापनसम्बन्धी जिम्मेवारी, संरचना र कोषको व्यवस्था गरेको छ। त्यसैले विपद्को समयमा राहत तथा सहयोग परिचालन गर्दा प्रभावकारी संयन्त्रको परिचालन गर्नुपर्ने हाम्रो स्पष्ट धारणा छ।

यस सन्दर्भमा हामी संघ/महासंघको तर्फबाट नेपाल सरकार, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थपन प्राधिकरण, बागमती प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, विकास साझेदार, दातृ निकाय, गैरसरकारी संस्था तथा सबै सहयोगी निकायसमक्ष देहायका विषयमा तत्काल ध्यान दिन अपिल गर्दछौंः

१. सम्पर्कविहीन तथा बेपत्ता नागरिकहरूको खोजी, उद्धार, पहिचान तथा पारिवारिक पुनर्मिलनको कार्यलाई अन्तर्राष्ट्रियस्तरमा प्रचलित दक्षता, प्रविधि र कार्यविधिसमेतको उपयोग गरी थप व्यवस्थित, तीव्र र प्रभावकारी बनाउने।

२. **राहतमा स्थानीय आवश्यकता र नेतृत्वः** राहत तथा सहयोग बाढी प्रभावित स्थानीय सरकारको आवश्यकता, माग र प्राथमिकताका आधारमा परिचालन गरियोस्। राहत वितरण तथा स्थानीय समन्वयको नेतृत्व सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समितिमार्फत हुने व्यवस्था सुनिश्चित गर्ने।

३. **"एकद्वार प्रणाली" स्पष्ट र व्यवहारिक बनाइयोस्:** अहिले राहत व्यवस्थापन र परिचालनलाई अत्याधिक केन्द्रिकृत र सुरक्षा निकायको नियन्त्रणमा भैरहेको छ। एकद्वार प्रणालीलाई समन्वय, सूचना व्यवस्थापन, अभिलेखीकरण र पारदर्शितामा एकरूपता कायम गर्ने प्रणालीका रूपमा मात्र लागू गर्नुपर्ने।

४. **सहयोग सिधै सम्बन्धित विपद् कोषमाः** संघ, प्रदेश वा स्थानीय सरकारका विपद् व्यवस्थापन कोषमध्ये सहयोगदाताले इच्छाएको कोषमा नगद तथा जिन्सी सहयोग सिधै हस्तान्तरण गर्न सक्ने सहज व्यवस्था गर्ने। प्राप्त तथा वितरण गरिएको सहयोगको पूर्वजानकारी, अभिलेख र प्रतिवेदन प्रणाली नेपाल सरकारबाट यथाशक्य बनाउने।

५. **तत्काल स्रोत र सेवा परिचालनः** सडक, पुल, सञ्चार, खानेपानी, विद्युत् लगायतका पूर्वाधार अवरुद्ध भएका क्षेत्रमा संघ तथा प्रदेशबाट उपलब्ध हुने खाद्यान्न, स्वास्थ्य सेवा, उपकरण, जनशक्ति तथा अन्य आवश्यक स्रोत स्थानीय सरकारको मागअनुसार तत्काल परिचालन गर्ने।

६. **राहतपछिको पुनर्स्थापना प्राथमिकताः** स्थानीय सरकारका कार्यालय तथा वडा कार्यालयसहित सडक, खानेपानी, विद्युत्, सञ्चार, विद्यालय, स्वास्थ्य संस्था र अन्य अत्यावश्यक सार्वजनिक पूर्वाधारको अस्थायी व्यवस्था, पुनर्स्थापना र पुनर्निर्माणका लागि छुट्टै स्रोत तथा कार्यक्रम सुनिश्चित गरियोस्। स्थानीय सरकारको सेवा प्रवाह सुचारु गर्न आवश्यक सहयोग गराउने।

७. **क्षति तथा आवश्यकता मूल्याङ्कनमा स्थानीय सरकारको नेतृत्वः** Damage and Needs Assessment मा सम्बन्धित स्थानीय सरकारको प्रत्यक्ष सहभागिता र नेतृत्व सुनिश्चित गरी स्थानीय सरकारबाट प्रमाणित तथ्याङ्कलाई राहत, पुनर्स्थापना तथा पुनर्निर्माणको आधार बनाउने।

८. **अन्तर-स्थानीय सरकार सहयोगलाई प्रोत्साहनः** प्रभावित स्थानीय सरकारलाई अन्य स्थानीय सरकारहरूले जनशक्ति, उपकरण, स्वास्थ्य सेवा, खाद्यान्न, आवास तथा अन्य आवश्यक सामग्री उपलब्ध गराउन सक्ने गरी अन्तर-स्थानीय सरकार सहयोग र समन्वयलाई सहज तथा प्रोत्साहित गर्ने।

विपद्को यस कठिन घडीमा एक—अर्कामाथि शंका, आरोप—प्रत्यारोपभन्दा सहकार्य, समन्वय र साझा प्रयास नै उत्तम विकल्प हो। "समन्वयमा एकद्वार हुन सक्छ तर स्रोत परिचालन सहज र प्रभावित नागरिकको पहुँचमा हुनुपर्दछ। प्रभावित नागरिकको जीवनरक्षा, राहत, पुनर्स्थापनाका लागि संघ, प्रदेश, स्थानीय सरकार, विकास साझेदार तथा सम्पूर्ण सरोकारवालाबीच एकताबद्ध र समन्वित प्रयासका लागि हार्दिक अपिल गर्दछौं।

| | |
|---|---|
| ........................ | ........................ |
| **लक्ष्मीदेवी पाण्डे** | **भीमप्रसाद ढुङ्गाना** |
| अध्यक्ष | अध्यक्ष |
| गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल | नेपाल नगरपालिका संघ |